# बन्दीपुर गाउँपालिका

# बन्दीपुर राजपत्र


## बन्दीपुर गाउँपालिकाद्वारा प्रकाशित

**खण्डः ०९** **संख्याः२०** **मितिः २०८३/०३/३०**


## भाग २

## बन्दीपुर गाउँपालिका

### गाउँ कार्यपालिका कार्यालयको सूचना

बन्दीपुर गाउँपालिकाको नदीजन्य पदार्थको  अमानतमा विक्री तथा व्यवस्थापन सम्बन्धी कार्यविधि – २०८३

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बन्दीपुर गाउँ कार्यपालिकाले जारी गरेको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ।

बन्दीपुर गाउँपालिकाको नदीजन्य पदार्थको  अमानतमा विक्री तथा व्यवस्थापन सम्बन्धी कार्यविधि – २०८३

बन्दीपुर गाउँपालिकाको नदीजन्य पदार्थको अमानतमा विक्री तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०८३

बन्दीपुर गाउँपालिकाको नदीजन्य पदार्थको अमानतमा विक्री तथा व्यवस्थापन सम्बन्धी  कार्यविधि २०८३

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति: २०८३।०३।०८

प्रस्तावनाः

बन्दीपुर गाउँपालिकाको क्षेत्र भित्रका सेती नदी, मस्याङ्दी नदी, साम्दी वखर खोल,खहरे खोला, ढाँड खोला, सुकौरा खोला, लगाएत आसपासका खहरे खोलाहरु वाट संकलन र उत्खनन् हुने नदीजन्य (ढुङ्गा, गिटी, वालुवा, गेग्रान आदी) को संकलन  उत्खनन्  तथा विक्री गर्नलाई  ठेक्का व्यवस्थापन हुन नसकेको अवस्थामा कार्यालयले उचित व्यवस्थापन गरी नदी जन्य पदार्थको विक्री वितरण गर्न र सार्वजनिक निर्माण कार्यलाई सहज बनाउन तथा आन्तरीक राजश्व चुहावट तथा नदी जन्य ढुङ्गा गिटी बालुवा गेग्रान चोरी निकाशी नियन्त्रण गर्नको लागि सम्बन्धित नदी तथा खोलाहरुको प्रारम्भीक वातावरणीय परिक्षण प्रतिवेदन  स्वीकृत भई वार्षिक रुपमा २ पटक सम्म ठेक्का सूचना लगाउदा पनि ठेक्का बन्दोबस्त नभए पश्चात समयमा नै अमानतमा आन्तरिक जनशक्तिको माध्यम वाट  राजश्व उठाउने प्रयोजन तथा कर संकलन सम्वन्धी कार्य गर्नको लागी बन्दीपुर गाउँपालिकाको स्थानीय वातावरण तथा प्राकृर्तिक श्रोत संरक्षण ऐन २०७६ को परिच्छेद ८ दफा ५७ को उपदफा (२ ) तथा दफा ६६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरि गाउँकार्यपालिकाले यो कार्यविधि वनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम बन्दीपुर गाउँपालिकाको नदीजन्य पदार्थको अमानतमा विक्री तथा व्यवस्थापन  सम्वन्धी कार्यविधि २०८३ रहेको छ।

२) यो कार्यविधि कार्यपालिका वाट स्वीकृत भए पश्चात तुरुन्त प्रारम्भ हुनेछ

२. **परिभाषाः** विषय वा प्रसंगले अको अर्थ नलागेमा यस कार्यविधिमा

(क) "संविधान " भन्नाले नेपालको संविधान सम्झनु पर्दछ।

(ख) " ऐन " भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनु पर्छ।

(ग) " गाउँपालिका " बन्दीपुर गाउँपालिका सम्झनु पर्दछ।

(घ) "अध्यक्ष " भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ।

(ङ) "उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ।

(च) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले स्थानिय सरकार सञ्चालन ऐनको दफा ८४ वमोजिमको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्दछ।

(छ) "कार्यपालिका" भन्नाले गाउँ कार्यपालिका सम्झनु पर्दछ।

(ज) “गाउँ सभा” भन्नाले संविधानको धारा २२२ को उपधारा (१) वमोजिम गाउँसभा सम्झनु पर्छ।

(ज) ‘‘नदीजन्य पदार्थ" भन्नाले गाउँपालिका, भित्र रहेका मस्याङ्दी नदी, साम्दी खोला, वखर खोल, खहरे खोला, ढाड खोला, सुकौरा खोला, लगाएत विभिन्न खोल्सा तथा नदी किनार वाट उत्खनन् गरिने ढुङ्गा गिटी, वालुवा, गेग्रान आदी साधरण निर्वाहामुखी पदार्थ लाई जनाउदछ।

(झ) "वडा" भन्नाले गाउँपालिकाका वडा सम्झनु पर्छ।

(ञ) "वडा अध्यक्ष" भन्नाले वडाको अध्यक्ष सम्झनु पर्छ।

(ट) "सिफारीस समिति" भन्नाले दफा ४ को उपदफा ४ बमोजिमको सिफारीस समिति सम्झनु पर्दछ।

(ठ) "अनुगमन समिति" भन्नाले दफा ६ को समिति सम्झनु पर्दछ।

(ड) "मापदण्ड " भन्नाले ढुङ्गा गिटी, वालुवा उत्खनन्, विक्री, तथा व्यवस्थापन सम्वन्धी मापदण्ड २०७७, लाई जनाउँदछ।

(ढ) "कार्यविधि" भन्नाले बन्दीपुर गाउँपालिकाको नदीजन्य पदार्थको अमानतमा विक्री तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०८३ लाई सम्झनु पर्दछ।

(ण) "अध्ययन प्रतिवेदन" भन्नाले बन्दीपुर गाउँपालिकाबाट नदीजन्य पदार्थको उत्खनन् गर्न अध्ययन गरेको कार्यपालिकावाट स्वीकृत प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन सम्झनुपर्छ।

(त) "खरिद कर्ता" भन्नाले यस कार्यविधि बमोजिम नदीजन्य पदार्थ खरिदको प्रक्रियामा निवेदन दिने व्यक्ति, मुल्य अभिवृद्धि करमा दर्ता भएका निर्माण व्यवसायी वा फर्म, संस्था वा आयोजना अन्तरगतको उपभोक्ता समिति लाई सम्झनुपर्छ।

(३) **अमानतमा विक्री तथा व्यवस्थापन सम्बन्धी व्यवस्थाः** (१) बन्दीपुर गाउँपालिकाले प्रारम्भीक वातावरणीय परिक्षण प्रर्तिवेदन बमोजिम प्रत्येक आर्थिक वर्षमा दुई पटक वा राजश्व असुलीमा असर नपर्ने समय भएमा गाउँकार्यपालिकाको निर्णय अनुसार अन्तिम रुपमा १५ दिने तेश्रो पटक ठेक्का सुचना प्रकाशन गर्दा पनि ठेक्का बन्दोबस्त नभएको वा नलागेको दुवै अवस्थामा गाउँकार्यपालिकाको निर्णय अनुसार कर्मचारी परिचालन गरी अमानतबाट कर संकलन गर्ने गरी खुल्ला रुपमा सूचना प्रकाशन गरी प्राविधिक प्रतिवेदन र आई.ई.ई प्रतिवेदन अनुसारको परिणाम मात्र उत्खनन् तथा संकलन गर्ने गरी स्वीकृत निवेदक व्यक्ति, फर्म,संस्था ,निर्माण व्यवसायी तथा उपभोक्ता समितिलाई स्वीकृत परिमाण बमोजिम एकल तथा व्यक्तिगत निवेदकलाई १ पटक तोकिएको परिणाम उठाउने गरी प्रदेश आर्थिक ऐन अनुसार कर लिई अनुमती दिने समेत लाई बुझिन्छ।

(२) उपदफा १ मा जुनसुकै विषय उल्लेख भएतापनि सानो परिणाम मात्र उत्खनन् गर्न मिल्ने साथै ठेक्का लगाउदा जोखीम हुने अवस्था सँगै प्रारम्भिक वातावरणिय प्रतिवेदनको परिणाम र प्रदेश आर्थिक ऐन अनुसार रु ५ लाख भन्दा सम्म शुल्क असुल हुने साना खोला खोल्सा तथा घाटहरुको हकमा एक पटक पनि ठेक्का बन्दोबस्त नगरी गाउँकार्यपालिकाको निर्णय अनुसार प्रदेश आर्थिक ऐनले तोकेको प्रदेशको दर अनुसार राजश्व असुल गरी गाउँपालिकाका स्थानीय पुर्वाधार निर्माण गर्ने उपभोक्ता समिति, तथा अन्य व्यक्ति तथा फर्मलाई नदी जन्य पदार्थ उत्खनन् तथा संकलन को लागी अमानतबाट अनुमती दिन वाधा पर्ने छैन।

(३) उपदफा १ र २ मा जुनसुकै विषय उल्लेख भएता पनि जतिसुकै परिणामको नदीजन्य पदार्थ (ढुङ्गा गिटी, वालुवा, र ग्रेगान) को प्रारम्भीक वातावरणीय प्रतिवेदनले उल्लेख गरेको परिणाम गाउँपालिका आफैले नदीजन्य घाटमा नै नगर प्रहरी तथा अन्य कर्मचारी खटाई प्रचलित प्रदेश आर्थिक ऐन अनुसार को शुल्क गाउँपालिकाको राजस्व खातामा एकमुष्ट रकम जम्मा गर्न लगाई प्रत्यक्ष निगरानीमा विक्री वितरण तथा उठाई लैजान दिनको लागी अनुमती दिन वाधा पर्ने छैन ।

(४) प्रदेश आर्थिक ऐनमा तोकीएको दररेटमा १३ प्रतिशत मुल्य अभिवृद्धि कर र अग्रिम आय कर समेत समावेश गरी कर संकलन गरिनेछ,

(५) यसरी मुल्य अभिवृद्धी कर  र अग्रिम आय कर वापतको रकम सम्बन्धित आर्थिक वर्षको जेष्ठ मसान्त भित्र नेपाल सरकारको सम्बन्धित राजश्व खातामा जम्मा गर्नुपर्ने छ,

(६) प्रारम्भीक वातावरणीय अध्यन प्रतिवेदनको म्याद समाप्त भएको अवस्थामा नयाँ प्रतिवेदन तयार नभए सम्मको लागि तत्काल अघि कार्यन्वयन भएको प्रतिवेदनलाई आधार मानेर क्षेत्र तथा परिणाम निर्धारण गर्न सकिनेछ ।

(७) **संकलन गर्ने माध्यम तथा उपकरणः** नदीजन्य वा खोलाजन्य पदार्थको उत्खनन् तथा संकलन गर्दा श्रममुलक प्रविधिको उपयोग गरी, घरेलु हाते औजार (कुटो कोदालो, सावेल आदी) मात्र प्रयोग गर्न सकिनेछ । मेशीन प्रयोग गर्नुपर्ने अवस्थामा वातावरण संरक्षण ऐन २०७६ र तत् सम्वन्धी नियमावली मापदण्ड, प्रारम्भीक वातावरणीय अध्यन प्रतिवेदन तथा प्रचलीत कानुन बमोजिम हुनेछ ।

(८) उपदफा (७) बमोजिम उत्खनन् तथा संकलन गर्दा अनुगमन समिति र गाउँपालिकाको प्रत्यक्ष निगरानी, निर्देशन र नियन्त्रणमा गर्नु पर्नेछ ।

(९) नदीजन्य वा खोलाजन्य पदार्थको उत्खनन् तथा संकलन गर्दा प्रयोग गर्नु पर्ने उपकरणको विवरण जिल्ला समवन्य समिति, जिल्ला प्रशासन कार्यालयमा पत्रचार गर्नु पर्नेछ ।

**(१०) उतखनन् वा संकलनको समयः** नदीजन्य पदार्थको उत्खनन् कार्य विहान ६ वजे देखी वेलुका ६ वजे सम्म गर्न सकिने छ ।

(११) **उतखनन् वा संकलनको लागि क्षेत्र निर्धारः** नदीजन्य पदार्थ संकलन तथा उत्खनन् का लागि समितिको निर्णय बमोजिम गाउँपालिकाको राजश्व शाखा, वातावरण शाखा र सम्बन्धित वडाको वडा प्राविधिक वा अन्य तोकेको प्राविधिक सहितको टिमले गरेको रेखाङ्कन उत्खनन्, संकलन गरिने नदीको स्थानको लम्बाई, चौडाई तथा गहिराई सहित चार किल्ला भित्र मात्र गर्नुपर्ने छ ।

(१२) नदीजन्य पदार्थको उत्खनन् संकलन तथा विक्री वितरण कार्यमा बालश्रमको प्रयोग गर्न पाईने छैन ।

(१३) नदीजन्य पदार्थको उत्खनन् संकलन कार्यमा संग्लग्न कामदारहरुले अनिवार्य सुरक्षा सामाग्री लगाई कार्य गर्नुपर्ने छ । सुरक्षा सामाग्री प्रयोग नगरी कार्य गरे वा वर्षातको समयमा खोलाले बगाई मानवीय क्षती हुन गएमा सो को जिम्मेवार अनुमती प्राप्त समुह वा स्वयम कामदार नै हुनुपर्ने छ ।

(१४) प्रारम्भीक वातावरणीय परीक्षण प्रतिवेदनमा तोकिएको परिणाम र गहीराई भन्दा बढी उत्खनन् गर्न पाईने छैन ।

(१५) खोलाको बहाव परिवर्तन हुने गरी नदीजन्य पदार्थको उत्खनन् र संकलन गर्न पाईन छैन ।

(१६) अमानतमा विक्री तथा व्यवस्थापन गर्नुपूर्व देहाय बमोजिम गर्नु पर्नेछः

१. प्रारम्भीक वातावरणीय परीक्षण प्रतिवेदनले तोकेको परिमाण प्रत्येक खोला/ नदी वगर क्षेत्रमा छुट्टाछुट्टै एकिन गर्नु पर्नेछ।

२. नदीजन्य पदार्थको अमानतमा विक्री तथा व्यवस्थापन गर्दा खरिद कर्ता वा अन्य खरिद कर्तासँग सूचनाद्धारा निवेदन माग गर्नु पर्नेछ।

३. सार्वजनिक सूचनाद्धारा निवेदन आह्वान गर्दा दफा (४) को उपदफा (४) बमोजिमको समितिले निर्णय गरी कार्यालयको सूचनापाटी तथा वेबसाइटमा सार्वजनिक सूचना प्रकाशित गरिनेछ।

**४. उत्खनन् संकलन र विक्री वितरण प्रक्रियः** गाउँपालिका भित्र रहेका सेती नदी, मस्याङ्दी नदी, साम्दी खोला, बखर खोल,खहरे खोला, ढाड खोला, सुकौरा खोला लगायत विभिन्न खोल्सा तथा नदी किनारबाट वर्षातको समयमा बगाइ ल्याएको सामान्य निर्वाहमुखी सामग्रीहरू ढुङ्गा गिटी बालुवा ग्रेगर आदि नदीजन्य सामग्री उत्खनन संलग्नबाट निस्केको सामग्री एवं स्टक प्रमाणित नभएका गत वर्षको मौजात नदीजन्य सामग्रीहरूको शुल्क देहाय बमोजिम असूल उपर गरिनेछ।

(१) वातावरणीय परिक्षण प्रतिवेदन स्वीकृत भई प्रत्येक आर्थिक वर्षमा २ पटक वा राजश्व असुलीमा असर नपर्ने समय भएमा अन्तिम १५ दिने तेश्रो पटक ठेक्का सुचना गर्दा पनि ठेक्का नलागेको हकमा सो पश्चात गाउँपालिकाले अमानतमा विक्री तथा व्यवस्थापन वाट कर संकलन गर्ने छ।

(२) कर संकलन गर्दा नाका पहिचान गरी कार्यालयले नगर प्रहरी, करार कर्मचारी वा अन्य करार गरी कर्मचारी खटाउने छ।

(३) वर्षातको समयमा बगाई ल्याएको नदीजन्य पदार्थ उत्खनन् र संकलनका लागी २ पटक सम्म ठेक्का सुचना प्रकाशन गर्दा वा राजश्व असुलिमा असर नपर्ने समय भएमा अन्तिम रुपमा तेश्रो पटक १५ दिने सुचना प्रकाशन पश्चात ठेक्का नलागेको अवस्थामा गाउँपालिका को राजश्व गुम्न नदीनको लागि वेभ साईट मार्फत प्रकाशन गरेको सूचना अनुसार ईच्छुक व्यक्ति, संघ सस्था, निर्माण उपभोक्ता समिति, दर्ता भएका निर्माण कम्पनी, ठेकेदार कम्पनी, व्यवसायीहरु, निजी घर संरचना निर्माण गर्ने व्यक्तीहरु तथा राष्ट्रिय गौरवको आयोजना निर्माण गर्ने स्वदेशी तथा विदेशी ठेकेदार कम्पनीहरु तथा तिनका प्रतिनिधिहरु जो कोहीले प्राविधिक इस्टिमेट सहित वडाको सिफारीस साथ गाउँपालिका समक्ष निवेदन दर्ता गराउन सक्नेछन्। यसरी निवेदन दिदाँ आफुले संकलन गर्न चाहेको क्षेत्र, परिणाम समय, सिमा तोकी अनुमती माग गर्नुपर्ने छ।

(४) बन्दीपुर गाउँपालिकामा नदीजन्य पदार्थ संकलन तथा विक्री व्यवस्थापन सम्बन्धमा आवाश्यक निर्णय गर्न गाउँपालिकाका अध्यक्षको सिफारिसमा गाउँपालिकाको उपाध्यक्षको संयोजकत्वमा देहायका सदस्य रहने गरी नदीजन्य पदार्थको अमानतमा संकलन तथा विक्री व्यवस्थापन समिति रहनेछ।

१.गाउपाँलिकाको उपाध्यक्षः संयोजक

२, वन वातावराण तथा विपद व्यवस्थापन समितिका संयोजकः संदस्य

३, वातावरण शाखा प्रमुखः सदस्य

४, सम्बन्धित वडाको प्राविधिकः सदस्य

५, स्थानीय प्रहरी प्रमुखः सदस्य

६, अमिनः सदस्य

७, राजश्व शाखा प्रमुखः सदस्य सचिव

**(५). समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ।**

(क). विक्रीको सूचना आव्हान गर्ने।

(ख) . प्राप्त  निवेदन उपर छलफल गरी निवेदक हरुलाई के कति परिमाण विक्री गर्ने भन्ने सम्बन्धमा आवाश्यक निर्णय गर्ने।

(ग) . नदीजन्य पदार्थ संकलन तथा बिक्रीको समय तालिका निर्धारण गर्ने।

(घ). खरिदका लागि निवेदन प्राप्त भएको अवस्थामा आवाश्यक निर्णय गर्ने।

(ङ). नदीजन्य पदार्थ संकलनका लागि औजार, उपकरण संचालनको सम्बन्धमा आवाश्यक निर्णय गर्ने।

(च). नदीजन्य पदार्थ संकलन तथा विक्री कार्यको प्रतिवेदन दैनिक रुपमा अध्यक्षलाई पेश गर्ने।

(छ). नदीजन्य पदार्थ उत्खनन् , संकलन तथा विक्रीको कार्यलाई थप व्यवस्थित गर्न अन्य आवाश्यक निर्णय गर्ने।

(६). उक्त समितिको सिफारीस र गाउँकार्यपालिका को निर्णय अनुसार गण्डकी प्रदेशको आर्थिक ऐन अनुसार तोकीएको परिणाम बमोजिम हुन आउने रकम गाउँपालिकाको राजस्व खातामा एकमुष्ट  रकम जम्मा  गरेको भौचर ल्याई पेश गरेको आधारमा अध्यक्षले प्रारम्भीक वातावरणीय परीक्षण प्रतिवेदनले तोकेको क्षेत्र भित्र उत्खनन् तथा संकलनको परिणाम समय, अवधि तोकी अनुसुचि १ बमोजिमको ढाँचामा अनुमती दिन सक्नेछ।

(७) जुन दिन नदीजन्य पदार्थ उत्खनन् संकलन गरेको हो सोही दिन विक्री वितरण गर्ने व्यवस्था तथा सो को आफ्नो निजी जग्गामा भण्डारण गर्ने व्यवस्था अनुमती प्राप्त समुहले आफै मिलाउनु पर्नेछ।

(८) राष्ट्रिय गौरवको आयोजना तथा गाउँपालिकाले सञ्चालन गर्ने आयोजनाको हकमा ढुङ्गा गिटी बालुवा उत्खनन् विक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड २०७७ को दफा १२ बमोजिम हुनेछ।

**५. नदी जन्य पदार्थको ओसारपसार सम्वन्धी व्यवस्थाः**

(१). संकलन भएको नदीजन्य पदार्थको ओसार पसार गर्ने व्यवस्था स्वयंम अनुमती प्राप्त व्यक्ति संस्था वा निकायले मिलाउनु पर्नेछ।

(२). नदीजन्य पदार्थको ओसारपसार गर्ने सवारी साधन लाई अनुमती प्राप्तकर्ताले अनुसुचि २ बमोजिमको निस्सा उपलब्ध गराउनुपर्ने छ। उक्त निस्सा र कर तिरेको रसिद एक प्रति सवारी चालकले राखी चेकजाँचको समयमा देखाउनु पर्नेछ।

(३). त्यसरी निस्सा र कर तिरेको रसिद नलिई हिडेका सवारी साधन लाई नगर प्रहरी तथा सुरक्षाकर्मीले जाँच पड्ताल गरी आवश्यक कारवाहीको लागी गाउँपालिकामा बुझाउनु पर्नेछ ।

**६. अनुगमन सम्बन्धी व्यवस्थाः** (१) ढुङ्गा गिटी वालुवा उत्खनन् विक्री तथा व्यवस्थापन सम्वन्धी मापदण्ड २०७७ को दफा ९ को उपदफा ७ बमोजिम गाउँपालिकामा नदीजन्य पदार्थको उत्खनन् विक्री र व्यवस्थापन कार्य यस कार्यविधि र वातावरणीय अध्ययन प्रतिवेदन बमोजिम भए नभएको नियमित अनुगमन गर्न देहाएको स्थानीय अनुगमन समिति रहनेछ ।

१, गाउँपालिका अध्यक्षः संयोजक

२, गाउँपालिका उपाध्यक्षः सदस्य

३, गाउँपालिका प्रमुख प्रशासकिय अधिकृतः सदस्य

४, सम्वन्धीत वडाको वडा अध्यक्षः सदस्य

५ विपद व्यवस्थापन समितिका संयोजकः संदस्य

६, गाउँपालिका लेखा प्रमुखः सदस्य

७, वन वातावरण शाखा प्रमुखः सदस्य

८, गाउँपालिकाको पुर्वाधार शाखा प्रमुखः सदस्य

९, स्थानीय प्रहरी प्रमुखः सदस्य

१०, सम्बन्धित वडाको प्राविधिकः सदस्य

११, राजश्व शाखा प्रमुखः सदस्य सचिव

**(२). अनुगमन समितिको काम  कर्तव्य अधिकारः** अनुगमन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

(१) उत्खननको स्थलगत अनुगमन गर्ने।

(२) खरिद तथा विक्री व्यवस्थापनको सम्बन्धमा आवाश्यक राय सुझाव दिने ।

(३) नदीजन्य पदार्थको विक्री वितरणको क्रममा कार्याविधि र अन्य प्रचलित कानूनको पालना गर्न गराउन सहजिकरण गर्ने ।

**७. नियम विपरित गर्ने लाई कारवाहीः**

वातावरण संरक्षण ऐन २०७६ र तत्सम्वन्धी नियमावली मापदण्ड, वातावरणीय परिक्षण प्रतिवेदन एवं यस कार्यविधि विपरित कार्य गर्ने लाई सभाद्धारा स्वीकृत आर्थिक ऐनले तोकेको दर बमोजिम कारवाही हुनेछ ।

**८. दण्ड जरिवना, पुरस्कार र जफतः** यस कार्यविधिमा उल्लेख भएको व्यवस्था सँगै गाउँपालिकाबाट अनुमती नलिई कसैले पनि नदीजन्य पदार्थ उत्खनन् संकलन अवैध रुपमा चोरी गर्नु हुदैन । यसरी अनुमती विना चोरी गरेको पाइएमा प्रदेश आर्थिक ऐन वा गाउँपालिकाको सभाद्धारा स्वीकृत आर्थिक ऐन अनुसार दण्ड जरिवना सँगै माल जफत गरिने छ।

पटकै पिच्चे सोही सवारीधनी तथा सवारी प्रयोग गरी चोरी निकासी  अवैध उत्खनन् गरेमा दोब्बर जरीवना गरिनेछ। भने यसरी गरीने दण्ड जरीवना (शुरु मुल्यवरावरको मात्र) को हकमा समाती ल्याउने नेपाल प्रहरी लाई गाउँपालिका को आर्थिक ऐन अनुसार  रकम पुरस्कार दिईनेछ।

**९. वाधा अडकाउ फुकाउनेः** यस कार्यविधि कार्यन्वयनमा कुनै बाधा अड्काउ आएमा कार्यपालिका ले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

**१०. प्रचलीत कानुन बमोजिम हुनेः** ढुङ्गा यस कार्यविधिमा लेखीएका कुराहरु वाहेक अन्य कुराहरुको हकमा वातावरण संरक्षण ऐन २०७६, एंव प्रचलीत कानूनमा उल्लेख भए बमोजिम हुनेछ।

**११. कार्यविधि लागु**ः १) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मिति वाट लागु हुनेछ।

**१२. कार्यविधिमा परिर्माजन तथा संशोधनः** यस कार्यविधिको कार्यन्वयन मा कुनै समास्या देखिएमा गाउँ कार्यपालिकाले आवश्यकता अनुसार परिमार्जन संशोधन गर्न सक्नेछ।

**१३. जनशक्ति व्यवस्थापन तथा सुरक्षा व्यवस्था परिचालन** सम्बन्धीः (१) नदीजन्य पदार्थको उत्खनन् विक्रीको कार्यलाई व्यवस्थापन एंव  सहज बनाउन नगर प्रहरी परिचालन गर्नु पर्नेछ। उक्त कार्यलाई थप व्यवस्थित गर्न स्थानीय प्रहरी प्रशासनको सहयोग आवाश्यक भएमा समितिले सहयोग माग गर्न सक्नेछ।

(२) उपदफा (१)  बमोजिम  स्थानीय प्रहरीको सहयोग माग गरिएको अवस्थामा स्थानीय प्रहरी प्रशासनले सहयोग उपलब्ध गराउनुपर्दछ।

(३)  नदीजन्य पदार्थ संकलनका लागि कार्यालयले नियमित कर्मचारी खटाउनु पर्नेछ। उपलब्ध कर्मचारी प्रपाप्त नभएमा थप कर्मचारीको व्यवस्थापन समितिको सिफारिसमा कार्यालयले गर्नुपर्नेछ।

(४) उपदफा (२) र (३)   बमोजिम परिचालन गरिएको जनशक्ति, समिति,  र अनुगमन समितिका पदाधिकारीलाई सेवा सुविधा समितिले तोके बमोजिम कार्यालयले उपलब्ध गराउनुपर्नेछ।

**१५. अनुगमन प्रतिवेदनका विषयः अनुगमन समितिवाट हुने अनुगमनमा देहाय बमोजिमको विषय प्रतिवेदनमा समावेश गरी पेश गर्नु पर्नेछ।**

**(१). अनुगमन मिति, समय र अनुगमनका बेला भएको उपस्थिती।**

**(२).  अनुगमनका गर्दा खटिएका कर्मचारी र तिनको विवरण।**

**(३). अध्ययन प्रतिवेदनले तोकेको परिमाण र क्षेत्र भित्रबाट नदिजन्य पदार्थ उत्खनन् भए/ नभएको।**

**(४). गाउँपालिकाले  तोकेको चारकिल्ला भित्रबाट उत्खनन्  तथा विक्री भए/ नभएको।**

**(५). स्थानीय प्रहरी प्रशासनको उपस्थिती र परिचालनको अवस्था।**

**(६). खटिएको कर्मचाररीले काटेको नगदी विल तथा राखेको विक्री सम्बन्धी तेरिज**

**(७). राय , सुझाव र सुधार गर्नुपर्ने विषय।**

**(८) अन्य सान्दर्भिक विषय।**

अनूसुचि १

(कार्यविधिको दफा, ४ को ५ सग सम्वन्धीत)

बन्दीपुर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यलय बन्दीपुर तनहुँ

इजाजत चलानी न. मिति

१. संकलन उत्खनन् तथा अनुमती प्राप्त गर्ने (व्यक्ती, संघ संस्था, निर्माण उपभोक्ता समिति, निर्माण व्यवसायी आदी को

नामथरः ठेगनाः

सम्प्रपक नं.

२, संकलन गर्ने स्थानः

ठेगनाः

नदी खोलाको नामः

चारकिल्ला

पुर्वः पश्चिमः

उत्तरः दक्षिणः

लम्वाई चौडाई

(३) आई ई मा उल्लेखीत संकलन क्षेत्रः

(४) उत्खनन् अनुमती परिणाम (घन फिट)

(५) प्रवेश वा निकाशी गर्ने नाका वा स्थानको नामः

(६) निकाशीमा प्रयोग हुने सवारी साधनको विवरणः

(७) अनुमती अवधि मिति..........................देखि.................................सम्म (विहान ६ देखी वेलुका ६ सम्म)

वोधार्थ

श्री.................. .........................

(अध्यक्ष)

नोटः प्रचलीत कानून तथा कार्यविधि र मापदण्ड विपरीत उत्खनन् गरेमा सो को कारवाही को भागीदार पुर्ण रुपमा अनुमती लिने नै हुनेछ ।

**अनुसुचि २**

(कार्यविधिको दफा ५ को २ सँग सम्बन्धित)

संकलन उत्खनन्, अनुमती प्राप्त गर्ने व्यक्ति, संघ सस्था, निर्माण उपभोक्ता समिति, निर्माण व्यवसायी लगाएत सरोकार आदि ले भर्नेः

१, सामान ढुवानी गर्ने साधनको नामः

२, गाडी न.

३, समयः

४, सामाग्रीको परिणाम घन फिटः

५, सामाग्री लैजाने स्थानः

६, चालकको नामः

७, बन्दीपुर गाउपालिका वाट अनुमती प्राप्त पत्रको चलानी नं. ..........………………मिति..............…………

अनुमती प्राप्त व्यक्तको नामः
दस्तखतः
मितिः
सम्पर्क न.

आज्ञाले
कमल बहादुर के.सी
प्रमुख प्रशासकीय अधिकृत